जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ८४ २०८३ साल कात्तिक १२ गते बिहीबार (29 Oct 2026 Thursday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आधुनिकीकरणको छायाँमा... ३ पृष्ठमा : प्रहरीको 'स्वीप अपरेसन': ... ३ पृष्ठमा :चक्रवात अर्नबको प्रहार,...

# आवश्यक सतर्कता अपनाउन प्रशासन कार्यालयको अनुरोध




**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले देशका विभिन्न स्थानमा चक्रवात/मेघगर्जन/चट्याङ/हावाहुरी सहित भारी वर्षाको समेत सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन सबैसँग अनुरोध गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी ओम प्रकाश महतोद्वारा बुधबार जारि सूचनामा सो आग्रह गर्दै नेपाल मौसम विज्ञान विभागद्वारा कात्तिक ९ गते जारी विशेष मौसमी बुलेटिन अनुसार आगामी कार्तिक ११ गते बुधवार देखि १५ गते आइतवार सम्म चक्रवात आँधीसँगै भारी वर्षाका कारण बाढी, पहिरो गेग्रान बहाव तथा शहरी तथा तराई क्षेत्रमा डुवानको जोखिम हुने भएकाले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि सम्बन्धित सबैमा अनुरोध गरेको हो।

सूचनामा उक्त अवधीमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्ने, जिल्लामा रहेको साना तथा ठुला खोला नदीहरुको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरुले उच्च सतर्कता अपनाउन, जोखिमको सङ्केत देखिएमा खोला किनारमा माछा मार्ने, काठ दाउरा संकलन गर्ने जस्ता कार्य नगर्न जस्ता सुझाव दिइएको छ।

त्यस्तै आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका बासिन्दाहरु बढी चनाखो हुने, मौसम पूर्ण रूपमा सफा नभएसम्म धान नकाट्ने तथा काटिसकेको भए समयमै सुरक्षित राख्ने सूचनामा भनिएको छ।

वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्कका साथै, विपदमा मदत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर १११४ मा सम्पर्क गर्न सूचनामा उल्लेख छ।

# सप्तरीकी साक्षी यू-१९ राष्ट्रिय महिला क्रिकेटमा पर्न सफल



**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक।**

चीनमा आयोजना हुने 'बेल्ट एन्ड रोड यू-१९ महिला क्रिकेट सिरिज' का लागि नेपाली महिला क्रिकेट राष्ट्रिय टोलीमा सप्तरीकी साक्षी यादव पर्न सफल भएकी छिन्।

नेपाल क्रिकेट संघ (क्यान) ले सार्वजनिक गरेको १५ सदस्यीय नेपाली टोलीमा अलराउन्डर साक्षीका साथै मधेश प्रदेशबाट सना परविन र एलिशा यादव पनि सो टोलीमा छनोट भएकी छिन्।

साक्षीले मधेश प्रदेशमा

*बाँकी अन्तिम पृष्ठमा*

# ६ हजार शिक्षकको बढुवा पुनरावलोकन हुँदै

काठमाडौँ, ११ कात्तिक (रासस)।

शिक्षक सेवा आयोगले बढुवा योग्यताक्रम सूचीमा परेका करिब ६ हजार शिक्षकको उजुरीको पुनरावलोकनको नतिजा प्रकाशनलाई तीव्रता दिएको छ।

आयोगका प्रवक्ता परशुराम तिवारीका अनुसार बढुवा सिफारिस समितिको सचिवालयबाट गरिएको निर्णयअनुसार ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाको योग्यताक्रम सूची धमाधम प्रकाशन गरिएको हो। 'शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८' (संशोधनसहित) को परिच्छेद १५ अन्तर्गत व्यवस्था भएबमोजिम आयोगले प्राप्त कागजात र प्रमाणहरुको अध्ययन गरी सम्बन्धित जिल्ला तथा तहका शिक्षकको बढुवा नतिजा कायम गर्ने गरी नतिजा प्रकाशन थालेको आयोगले जनाएको छ।

विभिन्न प्रदेशका शिक्षा हेर्ने मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालयबाट भएका कार्यसम्पादन मूल्याङ्कनमाथि परेका उजुरीमाथिको अध्ययन/छानबिनबाट पुनरावलोकनको नतिजा प्रकाशन गर्दै आएकामा पछिल्लो छ महिना आयोगका पदाधिकारी रिक्त रहेका कारण पुनरावलोकन कार्य रोकिएको थियो। आयोगले यही कात्तिकमा माध्यमिक द्वितीय तहको इलाम, सुनसरी, झापा, सोलुखुम्बु तथा गत असोज २९ गते प्राथमिक द्वितीयको लमजुङ, बाग्लुङ, गोरखा, नवलपरासी बर्दघाट सुस्ता पूर्व र कास्कीको पुनरावलोकन नतिजा प्रकाशन गरेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

**दीपावली मनाउँदा ध्यान दिऔं**

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



**आगजनीबाट बचौं र बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### पर्वलाई सुरक्षित, सभ्य र वातावरणमैत्री ढंगले मनाऔं

दीपावली उज्यालो, खुशी र आपसी सद्भावको पर्व हो । अन्धकारमाथि उज्यालोको विजयको सन्देश दिने यस पर्वलाई पछिल्लो समय पटाका पड्काएर मनाउने प्रवृत्ति बढ्दै गएको छ । पटाकाको आवाज र चमक केही क्षणका लागि मनोरञ्जनपूर्ण देखिए पनि यसले वातावरणीय प्रदूषण, ध्वनि प्रदूषण तथा मानव स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । अझ असावधानीका कारण आगलागी, चोटपटक र ज्यानसमेत गुमाउने जोखिम रहन्छ । पटाका पड्काउँदा निस्कने धुवाँ र विभिन्न रासायनिक पदार्थले वायु प्रदूषण बढाउँछन् । यसबाट बालबालिका, वृद्धवृद्धा तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिलाई बढी असर पर्न सक्छ । त्यसैगरी अत्यधिक आवाजले मानिससँगै पशुपक्षीलाई पनि तनाव र असहजता उत्पन्न गर्छ ।

सबैभन्दा चिन्ताको विषय पटाका पड्काउँदा हुने दुर्घटना हो । हातमा पटाका पड्किनु, आगोले कपडा वा घरमा आगलागी हुनु तथा बालबालिकाले पटाका खेलाउँदा गम्भीर चोट लाग्नुजस्ता घटना हुन सक्छन् । क्षणिक रमाइलोका लागि आफ्नो र अरूको जीवन जोखिममा पार्नु उचित हुँदैन । दीपावलीको वास्तविक सौन्दर्य पटाकाको आवाजमा होइन, दीप प्रज्वलन, आपसी सद्भाव, संस्कृति र खुशी बाँड्नमा छ ।

त्यसैले यस पर्वलाई सुरक्षित, सभ्य र वातावरणमैत्री ढंगले मनाउने संस्कार विकास गर्न आवश्यक छ । अभिभावकले बालबालिकालाई पटाकाबाट हुने जोखिमबारे सचेत गराउनुपर्छ भने स्थानीय प्रशासनले जोखिमपूर्ण गतिविधि नियन्त्रण र जनचेतना अभिवृद्धिमा ध्यान दिनुपर्ने पनि उत्तिकै जरुरी छ ।

### सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अवस्थित यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# आधुनिकीकरणको छायाँमा रैथाने ज्ञान

**होमकाजी आचार्य**

काठमाडौं, ११ कात्तिक (रासस) ।

तामाङ गाउँबस्तीमा जन्मदेखि घेवा (मृत्यु संस्कार) सम्मका संस्कारमा आवश्यक पर्ने टोटलाको फूल अर्थात् 'कोकोमेन्दो' खोज्ने ताम्बाहरू भेटिन छाडेका छन् । किरात बस्तीमा मुन्धुमी अनुष्ठानका लागि चाहिने सुगन्धित 'काहुलो' चिन्ने नछुडहरूको सङ्ख्या घट्दै गएको छ । उच्च हिमालीखर्कमा भेँडा गोठसँगै 'बिख' र 'बिखुमा'को भेद छुट्याउन जान्ने गोठालाहरूको अनुभवजन्य ज्ञान पुस्तान्तरण हुन सकेको छैन । आँगनका तुलसीका मठ र कान्लाका चाबो कङ्क्रिटले पुरिँदै गएका छन् । नेपाली समाजले आधुनिकीकरणका नाममा गुमाउँदै गएको कुरा पुराना चालचलनमा मात्र सीमित छैन । संस्कृतिसँगै विकसित भएका औषधीय वनस्पतिसम्बन्धी ज्ञान, अनुभवमा आधारित विज्ञान र आत्मनिर्भर जीवनशैलीका आधारसमेत कमजोर हुँदै गएका छन् ।

**संस्कृति कमजोर हुँदा वनस्पति कसरी मासिन्छ ?**

हाम्रो समाजमा संस्कृति र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ । कुनै समुदायको मौलिक संस्कार बदलिँदा वा छोडिँदा त्यससँग जोडिएका वनस्पतिको प्रयोग, रोपण, संरक्षण र पुस्तान्तरणको अभ्यास पनि कमजोर हुन्छ । त्यसैले सांस्कृतिक परिवर्तनलाई जैविक विविधतामाथि पर्ने प्रभावबाट अलग राखेर हेर्न मिल्दैन । तामाङ समुदायमा 'कोकोमेन्दो' केवल फूल मात्र नभई पुर्खा, संस्कार र प्रकृतिबीचको सम्बन्धको प्रतीक मानिन्छ । टोटलाका विभिन्न भाग परम्परागत रूपमा औषधीय प्रयोजनमा प्रयोग हुँदै आएका छन् । परम्परागत प्रयोगको इतिहास हुनु र त्यसको औषधीय प्रभाव वैज्ञानिक परीक्षणबाट प्रमाणित हुनु फरक कुरा हुन् ।

बजारमा उपलब्ध कृत्रिम फूलको प्रयोग बढ्दै जाँदा संस्कारका लागि टोटला खोज्ने, रोप्ने र संरक्षण गर्ने अभ्यास कमजोर हुँदै गएको छ । सांस्कृतिक माग घट्दा त्यसको संरक्षणमा समुदायको चासो पनि घट्दै गएको छ । पूर्वी पहाडका किरात (राई र लिम्बू) समुदायमा नछुङ र फेदाङ्माले विभिन्न अनुष्ठानमा वनस्पति प्रयोग गर्ने परम्परा छ । 'काहुलो' पनि कतिपय स्थानीय अभ्यासमा महत्वपूर्ण मानिन्छ । यससँग सम्बन्धित परम्परागत ज्ञानलाई समुदायको अनुभव र स्मृतिका आधारमा अभिलेखित गर्न आवश्यक छ । यसको औषधीय गुणबारे वैज्ञानिक निष्कर्ष निकाल्न भने वनस्पतिको सही पहिचान, रासायनिक विश्लेषण, प्रयोगशालामा परीक्षण र आवश्यकताअनुसार थप अनुसन्धान गर्नुपर्छ । मुन्दुमी चेतना र अनुष्ठानसँग जोडिएको ज्ञान पुस्तान्तरण कमजोर हुँदा यस्तो वनस्पति चिन्ने र यसको उपयोगबारे जान्ने व्यक्तिको सङ्ख्या पनि घट्दै गएको छ ।

खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पिपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो । ती विशाल रुखले वातावरणीय सन्तुलन, शीतल छायाँ, चराचुरुङ्गीको वासस्थान र सामुदायिक भेटघाटका लागि महत्वपूर्ण भूमिका खेल्थे । वर, पिपल र तुलसीका विभिन्न परम्परागत उपयोगसम्बन्धी ज्ञान पनि पुस्तान्तरण हुँदै आएको छ । त्यसैगरी, कतिपय स्थानीय समुदायमा 'चाबो' भनेर चिनिने वनस्पति घरेलु उपचारमा प्रयोग गरिन्छ । यसको सही वनस्पतिगत पहिचान र औषधीय प्रभावबारे थप अनुसन्धान आवश्यक छ ।

सडक विस्तार, अव्यवस्थित निर्माण र सिमेन्टका आँगनको विस्तारले चौतारी, तुलसीका मठ र घर वरपरका उपयोगी वनस्पतिका लागि उपलब्ध ठाउँ घटाउँदै लगेका छन् । तराईका थारू समुदायमा गुरुवा र भर्राजस्ता परम्परागत उपचारकले विभिन्न वनस्पति प्रयोग गर्ने ज्ञान पुस्तौंदेखि जोगाउँदै आएका छन् । 'सतवरिया' र 'हरैया' जस्ता स्थानीय नामले चिनिने वनस्पतिको पहिचान क्षेत्रअनुसार फरक हुनसक्ने भएकाले तिनको वैज्ञानिक पहिचान स्पष्ट पार्नु महत्वपूर्ण छ ।

कृषि क्षेत्रमा रासायनिक विषादीको अत्यधिक प्रयोग, प्राकृतिक वासस्थानको विनाश र अव्यवस्थित सङ्कलनले कतिपय उपयोगी वनस्पति लोपोन्मुख अवस्थामा पुऱ्याइएको छ । त्यसैगरी, विभिन्न समुदायमा जाँड-रक्सी बनाउन प्रयोग हुने 'मर्चा' रैथाने जैविक ज्ञानको एउटा उदाहरण हो । यसको निर्माणमा सूक्ष्म जीव, स्थानीय कच्चापदार्थ र समुदायमा पुस्तौंदेखि विकसित भएको अनुभवजन्य सीपको भूमिका हुन्छ । व्यावसायिक रूपमा उत्पादित खमिरको प्रयोग बढ्दै जाँदा परम्परागत मर्चा बनाउने विधि र त्ससँग जोडिएका स्थानीय ज्ञान ओझेलमा पर्नसक्छ । यससँग सम्बन्धित वनस्पति तथा सूक्ष्म जीवको पहिचान र प्रयोगबारे व्यवस्थित अभिलेखीकरण आवश्यक छ ।

**परम्परागत औषधीय ज्ञान र वैज्ञानिक परीक्षण**

पुर्खाले वनजङ्गलमा उपलब्ध वनस्पति, जडीबुटी र प्राकृतिक पदार्थको प्रयोगबाट रोगव्याधिको उपचार गर्नेक्रममा अनुभवमा आधारित ज्ञान विकास गरेका थिए । लामो समयसम्म गरिएका प्रयोग, तिनका परिणामको अवलोकन र पुस्तान्तरणबाट कतिपय उपचार पद्धति समुदायमा स्थापित भए । आज पनि यस्तो ज्ञान ग्रामीण जीवन, सांस्कृतिक पहिचान र औषधीय अनुसन्धानका लागि महत्वपूर्ण स्रोत हुन सक्छ ।

परम्परागत रूपमा कुनै वनस्पति प्रयोग हुँदै आएको छ भन्दैमा त्यसले सबै अवस्थामा सम्बन्धित रोग निको पार्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । त्यसैगरी कुनै वनस्पतिको औषधीय सम्भावना देखिनु र त्यसबाट तयार गरिएको औषधि मानिसमा सुरक्षित तथा प्रभावकारी प्रमाणित हुनु पनि फरक कुरा हुन् । त्यसैले पुर्खाको अनुभवलाई अस्वीकार गर्ने होइन, त्यसलाई वैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण आधारका रूपमा लिनुपर्छ ।

नेपालमा औषधीय वनस्पतिबारे अध्ययन र अनुसन्धान गर्ने सरकारी निकायमध्ये वनस्पति विभाग महत्वपूर्ण छ । विभागले औषधीय तथा सुगन्धित वनस्पतिसम्बन्धी अनुसन्धान, पहिचान, अभिलेखीकरण र वैज्ञानिक जानकारीको विकासमा काम गर्दै आएको छ । यसका अनुसन्धान सामग्रीमा वनस्पतिको पहिचान, रासायनिक तत्व र औषधीय सम्भावनासम्बन्धी विवरण खोज्न सकिन्छ । परम्परागत रूपमा प्रयोग हुँदै आएका केही वनस्पतिमाथि औषधीय गतिविधिको परीक्षण पनि गरिएको छ । उपलब्ध अध्ययनले केही परम्परागत प्रयोग र औषधीय अनुसन्धानबीच समानता देखाए पनि सबै वनस्पति र सबै उपचार विधिको प्रभावकारिता प्रमाणित भइसकेको अवस्था छैन ।

सिंहदरबार वैद्यखानाजस्ता सरकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थाले च्यवनप्राश, त्रिफला चूर्ण, तुलसी चियालगायतका उत्पादन बनाउँदै आएका छन् । यसले वनस्पति तथा अन्य प्राकृतिक द्रव्यमा आधारित परम्परागत औषधि निर्माणको संस्थागत अभ्यासलाई देखाउँछ । कुनै सरकारी संस्थाले जडीबुटीजन्य औषधि उत्पादन गर्छ भन्ने आधारमा यहाँ उल्लेख गरिएका टोटला, काहुलो, चाबो, बिख-बिखुमा वा हाडजोरा सबै त्यस्ता औषधिका कच्चापदार्थ हुन् भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन । त्यसका लागि प्रत्येक वनस्पतिको वैज्ञानिक पहिचान र सम्बन्धित औषधिको प्रमाणित उत्पादन विवरण आवश्यक हुन्छ ।

यसर्थ परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोजलाई एकअर्काको विरोधीका रूपमा होइन, परिपूरक प्रक्रियाका रूपमा बुझ्नुपर्छ । पुर्खाको अनुभवमा आधारित उपचार पद्दतिलाई अभिलेखीकरण गर्ने, त्यसमा प्रयोग हुने वनस्पतिको पहिचान गर्ने, उपयोगी सम्भावनाको अनुसन्धान गर्ने र जोखिमपूर्ण प्रयोगलाई रोक्ने काम सँगसँगै अघि बढाउनुपर्छ । यसो गर्दा समुदायमा रहेको ज्ञानलाई सम्मान गर्दै त्यसको सुरक्षित र विवेकपूर्ण उपयोगको बाटो खुल्छ ।

**गोठ र घरेलु शिल्पको पतन**

कुनै जीवनशैली हराउँदा त्यससँग जोडिएको लामो अनुभव र ज्ञान कसरी विलीन हुनसक्छ भन्ने उदाहरण नेपालको गोठ तथा घरेलु शिल्प संस्कृतिमा देखिन्छ । उच्च पहाडी भेगका भेँडा गोठालाहरूले जङ्गल र खर्कमा पाइने विभिन्न वनस्पति, तिनको उपयोग तथा सम्भावित विषाक्तताबारे अनुभवका आधारमा ज्ञान विकास गरेका थिए । 'बिख' र 'बिखुमा' भनेर चिनिने वनस्पतिबीचको भेद छुट्याउने ज्ञान पनि कतिपय स्थानीय परम्परामा पाइन्छ । यी नामले कुन-कुन प्रजातिलाई जनाउँछन् भन्ने कुरा पहिचान नगरी तिनको विषाक्तता वा प्रतिविषका रूपमा प्रयोगबारे निश्चित निष्कर्ष निकाल्न मिल्दैन । नयाँ पुस्ताले भेडापालन छाड्दै जाँदा खर्कमा विकसित भएको वनस्पतिसम्बन्धी अनुभवजन्य ज्ञान हराउने जोखिम बढेको छ ।

भेडापालन घट्नु, ऊनको उत्पादन कम हुनु र बजारिया कपडाको पहुँच बढ्नुले परम्परागत बुनाइमा समेत प्रभाव पारेको छ । गुरुङ, मगर, शेर्पा र खस समुदायमा विभिन्न रूपमा प्रचलित 'राडी-पाखी', 'लुङ्गी' र जाडोमा प्रयोग गरिने बाक्लो ऊनी कपडा बुन्ने सीपलाई बजारिया कृत्रिम रेसाका कपडाले चुनौती दिएका छन् । यसले परम्परागत तान, धागो तयार गर्ने प्रविधि र स्थानीय सामग्रीको उपयोगसँग जोडिएको ज्ञान कमजोर बनाएको छ ।

तराई र मध्यपहाडका कतिपय क्षेत्रमा कपास खेती घट्दै जाँदा चर्खाबाट धागो कात्ने र हातेतानमा कपडा बुन्ने परम्परा पनि कमजोर भएको छ । ग्रामीण जीवनका आधार मानिने बाँस र निगालोबाट डोको, डालो, मान्द्रो, भकारी र पेरुङ्गो बनाउने सीपले प्लास्टिकका सामग्रीसँग प्रतिस्पर्धा गर्नुपरेको छ । चोयाबाट हलुका, उपयोगी र टिकाउ सामग्री बनाउने यो सीपले उचित श्रममूल्य नपाउँदा नयाँ पुस्तामा यसको आकर्षण घट्दै गएको छ । कुमालेले माटो मुछेर घैंटो, हाँडी र पाला बनाउने परम्परागत प्रविधिलाई धातु तथा प्लास्टिकका भाँडाको विस्तारले चुनौती दिएको छ ।

माटाका भाँडाको उपयोगिता तिनको बनोट, प्रयोग र मर्मतसम्भारमा निर्भर हुन्छ । तिनलाई सबै अवस्थामा आधुनिक भाँडाभन्दा स्वस्थकर भन्न भने मिल्दैन । परम्परागत माटाका भाँडा बनाउने सीप र स्थानीय उत्पादनको सांस्कृतिक महत्व बजारमा पर्याप्त मूल्य पाउन सकेका छैनन् । त्यस्तै, गाउँघरमा हाड भाँचिदा बाँसका कप्टेरा लगाएर अङ्ग स्थिर बनाउने र विभिन्न वनस्पति प्रयोग गर्ने परम्परागत उपचार पद्धति कतिपय ठाउँमा पाइन्थ्यो । 'हाडजोरा'वा 'हडचुर' भनेर चिनिने वनस्पतिसम्बन्धी ज्ञान पनि स्थानीय उपचार परम्पराको हिस्सा हो । यस्ता अभ्यासको ऐतिहासिक महत्व अभिलेखित गर्नुपर्छ, तर गम्भीर चोटपटकमा आधुनिक चिकित्सकीय परीक्षण र उपचारको विकल्पका रूपमा प्रस्तुत गर्नुहुँदैन । स्वास्थ्य सेवाको विस्तारसँगै परम्परागत उपचारको अनुभवजन्य ज्ञानलाई अभिलेखीकरण र वैज्ञानिक अध्ययन गर्ने काम पनि अघि बढ्नुपर्छ ।

**रैथाने नश्लको क्षयीकरण**

आधुनिकीकरणको प्रभाव वनस्पतिमा मात्र सीमित छैन । स्थानीय पशुपन्छीका नश्ल र तिनलाई पाल्ने परम्परागत प्रणालीमा समेत परिवर्तन आएको छ । पूर्वी पहाडका कतिपय समुदायमा पालिने सानो कदका स्थानीय सुँगुर, जङ्गलछेउ विचरण गर्ने लुइँचे र रैथाने साकिनी कुखुरा स्थानीय हावापानी, आहार र पालन प्रणालीसँग अनुकूलित हुँदै आएका छन् । तिनको तुलनामा व्यावसायिक रूपमा पालिने विदेशी वा उन्नत जातका पशुपन्छीको विस्तारले स्थानीय नश्ल संरक्षणमा चुनौती सिर्जना गर्नसक्छ तर कुनै नश्ल लोप प्रायः भइसकेको वा त्यसको रोगप्रतिरोधी क्षमता समाप्त भएको निष्कर्ष निकाल्न जनसङ्ख्या, प्रजनन् र आनुवंशिक विविधतासम्बन्धी तथ्याङ्क आवश्यक हुन्छ ।

सुदूरपश्चिमको अछामी नौमुठे गाई र पोखरेली लमे तथा पार्केभैंसीजस्ता स्थानीय पशुजन्य सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्छ । यस्ता नश्लको महत्व दूध वा मासु उत्पादनमा मात्र सीमित हुँदैन । तिनमा स्थानीय हावापानीसँग अनुकूलन, पालनसम्बन्धी अनुभव, आनुवंशिक विविधता र स्थानीय खाद्य प्रणालीको निरन्तरतासँग जोडिएका पक्षसमेत हुन्छन् । रैथाने पशुपन्छीको संरक्षण गर्नु भनेको सबै आधुनिक नश्ल वा प्रविधिलाई अस्वीकार गर्नु होइन । स्थानीय नश्लको उपयोगिता पहिचान गर्दै

*बाँकी तीन पृष्ठमा*

# प्रहरीको 'स्वीप अपरेसन': ९२ जना पक्राउ

काठमाडौँ, ११ कात्तिक (रासस)।

काठमाडौँ उपत्यकामा आपराधिक गतिविधि नियन्त्रण तथा शान्ति सुरक्षा सुदृढ बनाउने उद्देश्यले प्रहरीले सञ्चालन गरेको विशेष 'स्वीप अपरेसन' का क्रममा अपराध कर्ममा संलग्न ९२ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार गत २४ घण्टामा जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष सुरक्षा अभियानका क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । प्रहरीले सार्वजनिकस्थल, यातायातका साधन, सरकारी कार्यालय आसपास तथा बढी भीडभाड हुने क्षेत्रलाई लक्षित गरी अभियान सञ्चालन गरेको जनाएको छ ।

परिसरका अनुसार पक्राउ परेकामध्ये ८४ जना पुरुष र आठ जना महिला छन् । पक्राउ परेकामा विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको आशङ्का गरिएका व्यक्तिदेखि अदालतबाट दोषी ठहर भई फरार रहेका कसुरदारसमेत छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले समाजमा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गरी सम्भावित आपराधिक गतिविधि रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले स्वीप अपरेसन सञ्चालन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार नागरिकको बढी आवतजावत हुने सार्वजनिकस्थल, सार्वजनिक यातायातका साधन, सरकारी तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय आसपासका क्षेत्र र भीडभाड हुने स्थानमा प्रहरीले निगरानी तथा जाँचलाई तीव्र बनाएको हो ।

प्रहरीले विशेषगरी सार्वजनिकस्थल तथा यातायातका साधनमा सेवाग्राही र सर्वसाधारणमाथि हातपात गर्ने, होहल्ला तथा हुलहुज्जत गर्ने, दुर्व्यवहार गर्ने, चोरी तथा लुटपाटमा संलग्न हुने, बिचौलियाको गतिविधि सञ्चालन गर्ने र गुण्डागर्दी गर्ने व्यक्तिहरूलाई लक्षित गरी अभियान सञ्चालन गरेको जनाएको छ ।

**सजाय तोकिएका १३ जना पनि पक्राउ**

विशेष स्वीप अपरेसनका क्रममा विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई दण्ड तथा सजाय तोकिएका १३ जना फरार कसुरदारसमेत पक्राउ परेका छन् । लामो समयदेखि फरार रहेका तथा अदालतको फैसला कार्यान्वयन हुन बाँकी रहेका व्यक्तिको खोजीलाई समेत अभियानमा प्राथमिकता दिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार स्वीप अपरेसनको उद्देश्य शङ्कास्पद गतिविधिमाथि निगरानी बढाउनेमात्र नभई सार्वजनिकस्थलमा हुने आपराधिक गतिविधि नियन्त्रण, फरार प्रतिवादी तथा कसुरदारको खोजी र सर्वसाधारणलाई सुरक्षित वातावरणमा दैनिक गतिविधि सञ्चालन गर्ने अवस्था सिर्जना गर्नु रहेको छ ।

सार्वजनिक यातायातका साधन, बसपार्क, भीडभाड हुने बजार क्षेत्र तथा सेवाग्राहीको बढी उपस्थिति रहने कार्यालय आसपासमा चोरी, लुटपाट, दुर्व्यवहार र बिचौलियाका गतिविधि हुनसक्ने भएकाले त्यस्ता क्षेत्रमा प्रहरीको उपस्थिति र निगरानी बढाइएको छ ।

प्रवक्ता थापाका अनुसार नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर आपराधिक गतिविधिमा संलग्न व्यक्तिको पहिचान, नियन्त्रण तथा कानुनी कारबाहीलाई प्रभावकारी बनाउनेगरी प्रहरी परिचालन गरिएको हो ।

प्रहरीले यस्ता विशेष सुरक्षा अभियानले सार्वजनिकस्थलमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्न, आपराधिक मनोवृत्ति भएका व्यक्तिको गतिविधिमाथि निगरानी बढाउन तथा नागरिकमा सुरक्षाको अनुभूति गराउन सहयोग पुग्ने अपेक्षा गरेको छ ।

प्रहरीले पक्राउ गरिएका व्यक्तिको आपराधिक गतिविधिमा संलग्नता, लागेका आरोप तथा अन्य कानुनी विषयमा थप अनुसन्धान भइरहेको जनाएको छ । परिसरले शान्ति, सुरक्षा कायम राख्न तथा अपराध नियन्त्रण गर्न विशेष निगरानी र जाँचलाई निरन्तरता दिने जनाएको छ ।

# रगतको अभाव भयो, रक्तदान गरौँ : नेपाल रेडक्रस

काठमाडौँ, ११ कात्तिक (रासस)।

काठमाडौँ उपत्यकामा रगतको अभाव भएपछि नेपाल रेडक्रस सोसाइटीले रक्तदानका लागि रक्तदातालाई विशेष आग्रह गरेका छ ।

वडादसैँको बिदा भएसँगै केन्द्रीय रक्तसञ्चार सेवामा रक्तदान कार्यक्रमहरू कमभएका र अस्पतालमा उपचारार्थ बिरामीका लागि आवश्यक रगतको माग दिनानुदिन उच्च हुँदै गइरहेकाले नेपाल रेडक्रसले आम रक्तदानका लागि विशेष अनुरोध गरेको हो ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित केन्द्रीय रक्तसञ्चार सेवाका प्रमुख डा प्रकाश यादवले भन्नुभयो "रक्तसञ्चार केन्द्रमा सम्पूर्ण ग्रुपको होल ब्लड, प्ल्याट रेड ब्लड सेल (पिआरबीसी र ( पिआरपी) को मौज्दात सकिएको छ । यसले गर्दा बिरामीका लागि आवश्यक रगतको व्यवस्थापनका लागि कठिनाइ भएको छ ।" उहाँले रक्तदान गरेको तीन महिना पुगेका स्वयंसेवी रक्तदाता तथा १८ वर्ष उमेर पूरा भएका स्वस्थ युवायुवतीलाई रक्तदान गर्न अनुरोध गर्नुभएको छ ।

चाडपर्वका कारण कार्यालय तथा शैक्षिक संस्थामा भएको बिदाका कारण रक्तदानका कार्यक्रममा कमी आएकाले रगतको सहज व्यवस्थापनमा कठिनाइ भएको जनाउँदै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा विशालकुमार भण्डारीले स्वयंसेवी रक्तदाता तथा सङ्घसंस्थालाई रक्तदानका लागि आह्वान गर्नुभएको छ ।

नेपाल रेडक्रस सोसाइटीले ७३ जिल्लाका १२० स्थानबाट रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरूमार्फत सेवा सञ्चालन गरिरहेको महामन्त्री ऋषि खनालले जानकारी दिनुभयो । बिरामीका लागि रगत आवश्यक भएमा वा रक्तदानका लागि केन्द्रीय रक्तसञ्चार सेवाको फोन नं ०१५३८८४८५, ०१५३८८४८६ वा नेपाल रेडक्रसको निःशुल्क हटलाइन सेवा ११३० मा सम्पर्क गर्न सकिने रेडक्रसले जनाएको छ ।

साथै आफ्नो मोबाइलको प्लेस्टोरमा गएर (एनआरसीएस बिटीएस)मा गएर पनि रक्तसञ्चारका बारेमा जानकारी लिनका लागि नेपाल रेडक्रस सोसाइटीले अनुरोध गरेको छ ।

# सम्भावित अर्नव चक्रवात : उच्च सतर्कता अपनाउन टानको आग्रह

काठमाडौँ, ११ कात्तिक (रासस)।

पर्वतीय पर्यटन व्यवसायीहरूको छाता संस्था ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान)ले अर्नव चक्रवातबाट हुनसक्ने प्रभावबाट उच्च सतर्कता अपनाउन पथप्रदर्शक, पदयात्री र पर्यटकलाई आग्रह गरेको छ ।

टानले एक सूचना जारी गरी बङ्गालको खाडीमा विकसित भएको 'अर्नव चक्रवात'का कारण नेपालमा पर्न सक्ने प्रभावबाट उच्च सतर्कता अपनाउन सदस्य कम्पनी, पदयात्री तथा पर्यटकलाई आग्रह गरेको हो ।

टानले जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचना अनुसार उक्त चक्रवात कात्तिक ११ गते भारतको जमिन भूभागमा प्रवेश गरी कात्तिक १२ गते रातिबाट नेपालमा समेत प्रभाव सुरु हुने भन्दै सतर्कता अपनाउन भनेको छ ।

यही कात्तिक १३ र १४ गते चक्रवातको प्रभावका कारण तराई, चुरे तथा मध्यपहाडी क्षेत्रका विभिन्न भागमा चट्याङ, हुरीबतासहित मध्यमदेखि भारी वर्षा र उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम रहेको छ ।

टानले सम्भावित चक्रवातका कारण पर्न सक्ने प्रभावबारे आफ्ना गाइड, सहयोगी र पर्यटकलाई समयमै जानकारी गराएर सोहीअनुसारको पूर्वतयारीको प्रबन्ध मिलाउन आग्रह गरेको छ ।

यस्तै, मौसमसम्बन्धी जानकारीका लागि ११११५ वा विपद्मा मद्दत माग ०१२३४ वा १०० वा ११११४ मा सम्पर्क गर्न सकिने बताएको छ । कात्तिक १३ र १४ गत आधार शिविर (जस्तैः घोराड, लार्के, काङ्ला, सारीबुँद, छोला, सूर्यकुण्डलगायतका) र उच्च क्षेत्रका पर्यटकीय गन्तव्य ( तिलिचोलगायतका) बाट सुरक्षित स्थानमा पुग्न र कात्तिक १२ बाटै सो क्षेत्रतर्फको पदयात्रा रोकी सुरक्षित क्षेत्रमा नै बस्ने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

पर्वतारोहणका लागि आधार शिविर जाने क्रममा रहेका सदस्य तथा सहयोगीलाई आगामी शुक्रबार र शनिबारसम्मका लागि आफ्नो यात्रा रोक्न वा सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउन भनिएको छ । यस्तै, मध्य तथा उच्चपहाडी क्षेत्र तथा नदीतटीय क्षेत्र भएर पदयात्रा गर्दा बाढीको जोखिम भएका खोला तथा नदी आसपासका क्षेत्र र पहिरो संवेदनशील क्षेत्रमा नबस्न र हिँडडुल नगर्न आग्रह गरेको छ ।

टानका अध्यक्ष सागर पाण्डेले बाढी तथा पहिरोका कारण अस्थायी रूपमा मर्मतसम्भार गरी पदयात्राका लागि प्रयोगमा ल्याइएका मनास्लु क्षेत्रका तातोपानी, खोर्लाबेँसी, जगत, सोला, नामरुङलगायतका क्षेत्र, मनाङ क्षेत्रको खोत्रो, कोटो, चामेलगायतका क्षेत्र, म्याग्दी तथा मुस्ताङ क्षेत्रको पोखरेलगायतका क्षेत्रमा रहेका सडक मार्ग, पदमार्ग तथा अस्थायी पुल भएर यात्रा गर्दा विशेष सावधानी अपनाउन आग्रह गर्नुभयो ।

*आधुनिकीकरणको...*

वैज्ञानिक प्रजनन्, उचित पालन र जैविक विविधताको संरक्षणलाई सँगसँगै अघि बढाउनु हो । स्थानीय नश्ल गुम्दै जानु भनेको भविष्यमा उपयोगी हुन सक्ने आनुवंशिक स्रोत र खाद्य प्रणालीका विकल्प कमजोर हुनु पनि हो( ।

हामीले आधुनिक हुनुको अर्थ आफ्ना सबै रैथाने आधार भत्काउनु ठानेका छौँ कि भन्ने प्रश्न गम्भीर छ । एउटा संस्कृति कमजोर हुँदा त्यससँग जोडिएको वनस्पतिको संरक्षण, त्यसको उपयोगसम्बन्धी ज्ञान र समुदायको स्वावलम्बी अर्थतन्त्र पनि प्रभावित हुनसक्छ । यसका साथै वनविनाश, बजारको दबाब, जलवायु परिवर्तन र अव्यवस्थित विकासले समस्या थप जटिल बनाउँछन् ।

परम्परागत औषधीय ज्ञान र रैथाने सीपको संरक्षण गर्नुको अर्थ वैज्ञानिक रूपमा प्रमाणित आधुनिक चिकित्सा पद्धति र प्रविधिको उपयोग नगर्नु होइन । यसको अर्थ उपयोगी परम्परागत ज्ञानलाई प्रमाणका आधारमा अध्ययन गर्नु, जोखिमबारे सचेत रहनु र आवश्यकताअनुसार आधुनिक प्रविधिसँग समन्वय गर्नु हो । आधुनिक चिकित्सा आवश्यक पर्ने अवस्थामा त्यसको उपयोग गर्नुपर्छ । परम्परागत ज्ञानलाई पनि अन्धविश्वास भनेर पन्छाउनुको सट्टा अध्ययन, अभिलेखीकरण र उपयुक्त संरक्षण गर्नुपर्छ ।

हामीले आज संरक्षण गर्न सकेनौं भने भोलिका पुस्ताले आफ्नै आँगन, वनजङ्गल र खर्कमा विकसित भएको ज्ञानसँगको सम्बन्ध गुमाउन सक्छन् । त्यसैले वनस्पति र जडीबुटी जोगाउनु भनेको विगतको सम्झनामात्र जोगाउनु होइन, भावी पुस्ताले पनि तिनको पहिचान, उपयोग र सम्भावित लाभबारे जान्न, अध्ययन गर्न र आवश्यकताअनुसार उपयोग गर्न पाउने आधार सुरक्षित गर्नु हो । आधुनिक विज्ञान र परम्परागत ज्ञानबीच संवाद स्थापित गर्दै जैविक विविधता, सांस्कृतिक सम्पदा र मानव स्वास्थ्यको संरक्षण गर्नु नै दिगो आधुनिकीकरणको बाटो हो । लेखक रैथाने बाली संरक्षण अभियानमा क्रियाशील हुनुहुन्छ)

## विश्व समाचार

### चक्रवात अर्नबको प्रहार, ८९ हजार विस्थापित

हैदराबाद, ११ कात्तिक (रासस/एपी)।

भारतको आन्ध्र प्रदेशको तटमा चक्रवात अर्नबले प्रहार गरेपछि कम्तीमा ८९ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । बुधबार बिहान तट पार गरेको चक्रवातले तीव्र हावा र भारी वर्षा ल्याएपछि तटीय क्षेत्रमा जनजीवन प्रभावित भएको छ ।

राज्यको विपद् व्यवस्थापन प्राधिकरणका प्रमुख प्रखर जैनका अनुसार तटमा प्रवेश गर्नुअघि चक्रवात केही कमजोर भए पनि हावाको अधिकतम गति प्रतिघण्टा १८५ किलोमिटरसम्म पुगेको थियो । यसले आन्ध्र प्रदेशका विभिन्न तटीय जिल्लामा भारीदेखि अति भारी वर्षा गराएको छ । चक्रवात भित्री भागतर्फ अघि बढ्दै जाँदा थप कमजोर हुने र हावाको गति भोलिपल्ट प्रतिघण्टा ११० किलोमिटरसम्म झर्ने अनुमान गरिएको छ । घटनामा मानवीय क्षति भएको तत्काल कुनै विवरण प्राप्त भएको छैन ।

भारतीय मौसम विभागका अनुसार आन्ध्र प्रदेशको तटीय क्षेत्र र छिमेकी ओडिसाका केही भागमा आगामी चार घण्टासम्म भारी वर्षा र तीव्र हावा चल्ने सम्भावना छ । विभागका प्रमुख मृत्युञ्जय महापात्रले चक्रवातको अग्रभाग जमिनमा प्रवेश गरिसकेको र तट पार गर्ने सम्पूर्ण प्रक्रिया पूरा हुन करिब चार घण्टा लाग्ने बताउनुभएको छ ।

मङ्गलबार ढिलो अर्नब अत्यन्त शक्तिशाली चक्रवाती आँधीमा परिणत भएको थियो । त्यसपछि तटीय क्षेत्रमा तीव्र हावा र भारी वर्षा सुरु भएको थियो । राज्यको विपद् व्यवस्थापन प्राधिकरणका अधिकारीहरूका अनुसार बङ्गालको खाडीमा आँधी तीव्र भएपछि यसको बाहिरी भागले मङ्गलबार रातिदेखि नै आन्ध्र प्रदेशको तटमा असर पार्न थालेको थियो । चक्रवातले अपेक्षा गरिएभन्दा चाँडै तट पार गरेको हो ।

चक्रवातको जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले मङ्गलबार नै राज्यका सबै तटीय जिल्लालाई उच्च सतर्कतामा राखेका थिए । तल्लो भूभाग र बाढीको जोखिम भएका क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्न थालिएको थियो । केही क्षेत्रमा भारी वर्षा र तीव्र हावा सुरु भएपछि रेल सेवासमेत रद्द गरिएको थियो ।

राज्यको विपद् व्यवस्थापन प्राधिकरणका अनुसार चक्रवातको सम्भावित मार्गमा एक करोड २० लाखभन्दा बढी मानिस बसोबास गर्छन् । प्रेस ट्रस्ट अफ इन्डिया समाचार एजेन्सीका अनुसार अधिकारीहरूले २० जिल्लामा दुई हजारभन्दा बढी चक्रवात आश्रयस्थल स्थापना गरेका छन् । जोखिममा रहेका लाखौँ बासिन्दाको मोबाइल फोनमा आपत्कालीन चेतावनी सन्देश पठाइएको छ ।

जैनका अनुसार तटीय क्षेत्रमा ३० हजारभन्दा बढी माछा मार्ने डुङ्गालाई सुरक्षित राखिएको छ भने आपत्कालीन सहायता उपलब्ध गराउन करिब एक हजार १०० स्वास्थ्य टोली परिचालन गरिएको छ ।

यसैबीच, छिमेकी ओडिसाका अधिकारीहरूले चक्रवातबाट प्रभावित हुन सक्ने क्षेत्रका करिब ४८ हजार मानिसलाई सुरक्षित स्थानमा सार्ने योजना बनाएका छन् ।

### अमेरिकी निर्वाचन आयोगको प्रणालीमा साइबर हमला

न्युयोर्क, ११ कात्तिक (रासस/एएनआई)।

अमेरिकामा नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि अमेरिकी सङ्घीय निर्वाचन आयोग (एफइसी) को विद्युतीय फाइलिङ प्रणालीमा ह्याकरहरूले अवरोध पुऱ्याएका छन् । रोयटर्सका अनुसार यसका कारण राजनीतिक दल तथा समितिहरूलाई चुनावी खर्चको अनिवार्य विवरण बुझाउन समस्या भएको छ ।

आयोगले प्रणालीमा अनधिकृत प्रवेशको प्रयास भएपछि अनलाइन सेवा अस्थायी रूपमा बन्द गरिएको जनाएको छ । सूचना प्रविधि कर्मचारीले सेवा पुनः सञ्चालन गर्न काम गरिरहेका छन् । अवरोधका कारण २४ घण्टा र ४८ घण्टाभित्र बुझाउनुपर्ने चुनावी खर्च विवरण दर्ता गर्न समस्या भए पनि पुराना विवरण वेबसाइटमा हेर्न सकिन्छ ।

एफइसीले उम्मेदवार तथा राजनीतिक समितिको खर्च अभिलेख राख्ने भए पनि निर्वाचन सञ्चालन गर्दैन । त्यसैले यो घटनाले मतदाताको मतदान गर्ने क्षमतामा असर पर्ने अपेक्षा गरिएको छैन ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले कङ्ग्रेसमा बहुमत कायम राख्न सक्ने वा नसक्ने निर्धारण गर्ने निर्वाचनअघि साइबर घटना भएको हो । ट्रम्पले निर्वाचन निष्पक्ष भए परिणाम स्वीकार गर्ने बताउँदै आवश्यक परे राष्ट्रपतीय निषेधाधिकार प्रयोग गर्न सक्ने उल्लेख गर्नुभएको छ । उहाँले मतदाता ठगीसम्बन्धी सूचना दिएर दोषीलाई पक्राउ तथा सजाय दिलाउन सहयोग गर्नेलाई १० लाख अमेरिकी डलर पुरस्कार दिने घोषणा पनि गर्नुभएको थियो ।

निर्वाचनमा प्रतिनिधिसभाका सबै ४३५ र सिनेटका करिब एकतिहाइ सिटका लागि प्रतिस्पर्धा हुँदैछ । सीबीएस न्युजको सर्वेक्षणले डेमोक्रेटहरूले प्रतिनिधिसभामा २२९ सिट जित्न सक्ने अनुमान गरेको छ । अक्टोबर २१ देखि २३ सम्म दुई हजार ३५५ अमेरिकी वयस्कबीच गरिएको सर्वेक्षणमा मुद्रास्फीति, बढ्दो मूल्य र आर्थिक चिन्ता मतदाताका प्रमुख मुद्दा देखिएका छन् । डेमोक्रेट मतदातामा मतदानप्रतिको प्रतिबद्धता बढी देखिएकाले सहभागिताले निर्वाचन परिणाममा महत्वपूर्ण भूमिका खेल्न सक्ने सर्वेक्षणले सङ्केत गरेको छ ।

